उदयपुरगढी गाउँपालिका

# उदयपुरगढी राजपत्र

खण्ड : ९ संख्या : ६ मिति : २०८२/०५/०२

**भाग – २**

**उदयपुरगढी गाउँपालिका**

## उदयपुरगढी गाउँपालिकाको प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकर सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ जारी गरिएको छ ।

आज्ञाले,
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

## उदयपुरगढी गाउँपालिकाको प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८२

प्रकाशित मिति २०८२-०५-०२

प्रस्तावनाः

उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयमा कार्यरत प्राविधिक धार तर्फ कार्यरत कर्मचारीको मनोबल उच्च बनाउन तथा कर्मचारीको काम प्रति समर्पणभाव अभिवृद्धि गर्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल सरकारको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम उदयपुरगढी गाउँपालिकाको प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८२ रहेको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यपालिका भन्नाले यस उदयपुरगढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु र मातहतका स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले उदयपुरगढी गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्दछ ।

घ) लेखा शाखा प्रमुख भन्नाले उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाको लेखा शाखाको प्रमुखको रुपमा काम गर्ने अख्तियारी प्राप्त कर्मचारी सम्झनु पर्दछ ।

ङ) प्राविधिक कर्मचारी भन्नाले इन्जिनीयरिङ्ग सेवा वा पदमा कार्यरत स्थायी वा करार सेवाका कर्मचारी सम्झनु पर्दछ ।

### परिच्छेद २
### फिल्ड भ्रमण

३. कार्यालयको अत्यावश्यक कार्यको लागि मात्र प्राविधिक कर्मचारी फिल्ड भ्रमणमा जानु पर्नेछ ।

४. फिल्डको औचित्यता र आवश्यकता स्पष्ट हुने गरी सम्बन्धित शाखा प्रमुखले अगामी महिनाको लागि कार्य योजना बनाई चालु महिनाको मसान्त भित्रैमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई एक

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रति आफुले समेत राख्नु पर्नेछ र एक प्रति लेखा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

५. एउटा फिल्ड आदेशमा ३ दिन भन्दा बढि अवधीको आदेश दिइने छैन ।

६. एक पटक फिल्डमा गएको कर्मचारीलाई फर्किएको २ दिन पछि मात्रै अर्को फिल्ड आदेश दिइनेछ ।

७. दफा ५ र ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् वा महामारीको अवस्थामा जतिसुकै अवधि र जहिले सुकै पनि प्राविधिक कर्मचारीलाई फिल्डमा खटाउन सकिनेछ ।

८. फिल्डमा जाने कर्मचारीले सम्बन्धित वडाको वडा अध्यक्षसँग अनिवार्य र आवश्यक्ताको आधारमा वडा सदस्यहरुसँग समेत समन्वय गर्नु पर्नेछ ।

९. फिल्ड आदेशको फारम अनुसुची १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

१०. फिल्डबाट फर्किए पछि प्राविधिक कर्मचारीले अनुसूची २ बमोजिमको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

## सेवा सुविधा सम्बन्धि व्यवस्थाः

११. यस कार्यविधिमा व्यवस्था भए बमोजिम प्राविधिक कर्मचारी गाउँपालिकाको जुन सुकै स्थानमा फिल्डमा खटिई जानु परेमा देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

क) उपलब्धता र औचित्यताको आधारमा सवारी साधन र इन्धन ।

ख) सहायक स्तरका प्राविधिक कर्मचारीलाई दैनिक रु ६ सय ।

ग) अधिकृत स्तरका कर्मचारीलाई दैनिक रु ८ सय ।

## परिच्छेद ४

## विविध

१२. यस कार्यविधिको अन्तिम व्यख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१३. यस कार्यविधि कार्यपालिकाले संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले,
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

उदयपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

फिल्ड आदेश

---

मितिः ..........................................

फिल्ड जाने कर्मचारीको नामः

पदः

तहः

शाखाः

दस्तखतः

फिल्ड अवधीः मिति ................................ देखि ...................... सम्म जम्मा .................... दिन

फिल्ड जाने स्थान र कार्यः

१) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि

२) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि

३) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि

---

| सिफारिस गर्ने | पेश गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| शाखा प्रमुख | लेखा शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| दस्तखतः | दस्तखतः | दस्तखतः |

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

उदयपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

फिल्ड प्रतिवेदन

---

मितिः .......................................

फिल्ड जाने कर्मचारीको नामः

पदः

तहः

शाखाः

स्वीकृत फिल्ड अवधीः मिति ............................... देखि ...................... सम्म जम्मा .................... दिन

वास्तविक फिल्ड अवधीः मिति ............................... देखि ...................... सम्म जम्मा .................... दिन

फिल्ड गएको स्थान र प्रगतिः

१) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि
प्रगतिः

२) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि
प्रगतिः

३) वडा नं ...................... को .......................... स्थानमा ............................................. कार्य गर्नको लागि
प्रगतिः

---

पेश गर्नेको नामः

पदः

हस्ताक्षर

स्वीकृत गर्ने

प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः

भक्त बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत